# राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

## मासिक प्रगति प्रतिवेदन

**जुन २०२१**

**१. जग्गा प्राप्ती :**

- सिराहा जिल्लामा जुन महिनामा २१ परिवारको मोही बाँडफाँड भएको छ । ३ विगाह ७ कट्टा ५ धुर क्षेत्रफल बराबरको बाँडफाँड भएको जग्गामा ९ पुरुष र १२ महिलाको नाममा स्वामित्व कायम भएको छ । यसबाट मोही किसानको नाममा चलतचल्तीको मुल्य अनुसार प्रति कट्टा करिब २ लाखको दरले रु २ करोड ९४ लाख ५० हजार रकम बराबरको जमिनको स्वामित्व कायम भयो ।
- सिराहा जिल्लाको बाग्मती नगरपालिका ५ गुथौलीमा ११७ गाँउब्लकबासीको जग्गाको पूर्जा तयार भएको छ भने अदालतले मोही बाँडफाँडको लागि फैसला गरेको तर बन्दाबन्दीको कारण फैसलाको फाइल भूमि सुधार कार्यालयमा पेश गर्न रोकिएको ३ जना मोहीको फाईल पेश गरिएको छ ।

**२. भूमि समस्या समाधान आयोगसँगको बैठक :**

- जुन १५ तारिखमा भूमि सम्बन्धी समस्या समाधान आयोगसंग कोभिड १९ को दोश्रो लहर पछि भूमि समस्या समाधानका लागि स्थानिय तहमा भैरहेको काम, राष्ट्रिय भूमि अधिकार मञ्चले स्थानिय तहमा गरिरहेको कामहरुको जानकारी आदान प्रदान भयो । बैठकमा आयोग र मञ्च विच सहकार्य औपचारिक सहकार्य गरेर काम सहजीरकण गर्ने सहमति भयो ।
- जुन २७ मा उदयपुरको जिल्ला मञ्चले लगत संकलन र जग्गा नापजाँच प्रबावकारी बनाउने बारेमा जिल्ला आयोगसंग बैठक सम्पन्न गरेको छ ।
- सिराहको इश्वरपुर नगरपालिकामा भूमि समस्या समाधान आयोगको जिल्ला समित, पालिका र जिल्ला मञ्चको विचमा जग्गा नाँपजाँगको काम अगाडी बढाउने सम्बनधमा बैठक सम्पन्न भएको छ । बैठकमा ४ महिला ९ पुरुष गरि १३ जनाको सहभागिता रहेको थियो । यसै गरि ब्रम्हपुरी गाँउपालिका पनि सोही बिषयमा आयोग सहित भएको बैठकमा ९ जना पुरुषको सहभागिता थियो ।

**३. लगत संकलनमा सहजीकरण :**

- यो महिनामा सुर्खेतको चौकुने गाँउपालिका, विरेन्द्रनगर नगरपालिका र सिम्ता गाँउपालिकामा भूमि समस्या समाधान आयोगले वडा मार्फत संकलन गरेको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबारीको २३०३ वटा लगतको प्रविष्ठि सम्पन्न भएको छ । २८१ भूमिहिन दलित, ३५७ भूमिहिन सुकुम्बासी र १८६४ गरि कुल २५०२ जनाको जग्गा नापजाँच सम्पन्न भएको छ ।
- सर्लाहीको बाग्मती नगरपालिका वढा नं ४, ५ र १२ को १७८३ जना भुमिहिन र अव्यवस्थित बसोबासीहरुको जग्गा नाँपजाँच सम्पन्न गरि फिल्डबुक र नक्सा तयार भएको छ । यो काममा जिल्लाका सबै पालिकामा समन्वय र सहजीकरण गरिएको छ ।

**४. संगठन सबलिकरण :**

- **मञ्च गठन र पुनर्गठनः** उदयपुरको त्रियुगा नगरपालिका वडा नं ८ र ९ मा २ वटा टोल भूमि अधिकार मञ्चको गठन भएको छ । जसमा ४७ महिला र ५७ पुरुष गरि १०४ जना सदस्य छन् । त्यसै गरि कञ्चनपुरको कृष्णपुर नगरपालिका वडा नं ४ मा २ वटा टोल मञ्च गठन भयो । जसमा ६० महिला र ३२ पुरुष संगठित भए । सर्लाहीको ईश्वरपुर नगरपालिका १२ सुखीपुर र हरिवन नगरपालिका १ मा २ वटा संगठनको पुर्नगठन सम्पन्न भएको जसमा २२ महिला २३ पुरुषहरु रहेका छन् ।

- **सदस्यता वितरण र नविकरण:** उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिकामा वडा नं ७ मा २ वटा संगठनका ३६ जना सदस्यको सदस्यता नविकरण भएको छ (२२ महिला र १४ पुरुष) भने सोही पालिकामा ७ वटा टोल मञ्चको २९९ सदस्यलाई नयाँ सदस्यता वितरण गरिएको छ। जसमा महिला १५८ र पुरुष १४१ रहेका छन्। कञ्चनपुरमा ३२ गाँउ भूमि अधिकार मञ्चका ७५५ महिला, ४८५ परुष गरी १२४० जनाको सदस्याता नविकरण भएको छ। कोरनाको प्रभावले गर्दा टोल,गाउ,वडा, नगर/गापा स्तरिय अगुवा, पदाधिकारीलाई जिम्मेवारी बाडफाड गरी काम गरेका हुन।
- **संगठनको बैठकहरु :** उदयपुर जिल्लाको त्रियुगा नगरपालिकामा यो महिना ८ वटा टोल मञ्चको बैठक सम्पन्न भएको छ। बैठकमा भूमि समस्या समाधान आयोगको लगत संकलन, टोल तहको जलवायु अनुकुलन योजना निर्माण र कार्यान्वयन र जग्गा नाँप जाँचमा बसेर छलफल भएको छ। छलफलले लगत संकलनलाई प्रभाबकारी बनाउन र टोल तहको जलबायूमैत्री योजना बनाउन सहजीरकरण गर्ने निर्णय भयो। बैठकमा १६० महिला र १४६ पुरुष गरि जम्मा ३०६ जना सदस्यहरु सहभागि हुनु भयो। यसै गरि सुर्खेतको विरेन्द्रनगरमा संगठनको नियमित २ पटक बैठक बसेको छ। बैठकमा मञ्चको जिर्ण घर निर्माण गर्नेबारे निर्णय भएको छ जसमा ३७ महिला र २१ पुरुष सहित ५८ सदस्यहरुको सहभागिता रहेको थियो।
- **क्षमता विकास र अभिमुखिकरण** : जुन २ तारिखमा राष्ट्रिय भूमि अधिकार मञ्चको भूमि तथा कृषि अधिकार अभियान र सामुदायिक भूमि व्यवस्थापन अभ्यास केन्द्रित जिल्ला र पालिकाका पूर्णकालिन कार्यकर्ता, जिल्ला मञ्चका पदाधिकारीहरु सहित कोभिड १९ पछिको लामो बन्दाबन्दीले समुदायमा पारेको प्रभाव, राष्ट्रिय मञ्चले बन्दाबन्दीमा गरेको कामहरु र आगामि योजना तथा कार्यस्थलमा हुने यौन हिंसा, यौन उत्पिडन र दुरव्यवहारको बारेमा अनुशिक्षण समन्न भयो।

### ५. स्थानिय श्रोतमा दावी र उपयोग:

- यो महिना सिराहा जिल्लाको मिर्चैया, गोलबजार र धनगढीमाई नगरपालिकाका ७ वठा टोल भूमि अधिकार मञ्चले वडा कार्यालय मार्फत नगरपालिकामा सडक ग्राभल, विद्युत विस्तार र करार खेती गरेर ११५ परिवारलाई लाभ हुने गरि ३० लाख ७५ हजार बराबरको योजना दावी गरि कार्यान्वन गरिहेका छन्। योजना प्राप्त गरेको टोल मञ्च मध्ये धनगढीमाई वडा नं १ को बाखर टोल मञ्चलाई जिल्ला मञ्च सिराहले प्रस्तावना लेखन र फोरफारकमा सहजीकरण गरेकोछ। यसैगरि उदयपुरको त्रियुगा नगरपालिकाका वडा नं ६ का ९ टोल मञ्चले २ करोड २२ लाख ७१ हजार बराबरको योजनाहरु वडा कार्यालयमा पेश गरि स्थानिय श्रोत दावी गरेका छन्।

### ६. सरकारी निकायसँगका समन्वय बैठकहरु :

- जुन १७ तारिखमा उदयपुरको चौदण्डीगढी नगरपालिकाको वडा नं. ६ को वडा परिषदमा सहभागि भई खोला जोखिम क्षत्रलाई ध्यानमा राखि खोला तटबन्धको लागि योजना पास गरी जोखिम बस्तिको संरक्षण गर्न र सुख्खा खडेडिका कारण दिनाहुँदिन खाद्य उत्पादनमा कमि भईरहेकोले सिचाईको लागि पहिलो योजना पास गर्नेबारे छलफल भयो। यस पटक कोभिडको लागि बजेट विनियोजन गर्नु पर्ने भएकोले सके जति योजना समेट्ने वडाध्यक्षले बताउनु भयो।
- जुन ९ तारिखमा अन्तर्राष्ट्रिय खाद्य प्रणाली सम्मेलनको सन्र्दभमा राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, राष्ट्रिय कृषक समुह महासंघ, सामुदायिक बन उपभोक्ता महासंघ, खाद्यका लागि कृषि अभियान नेपाल, राष्ट्रिय जल तथा सिंचाइ उपभोक्ता महासंघ र कृषि पत्रकार समुह नेपालले राष्ट्रिय योजना आयोगसंगको राष्ट्रिय स्तरीय भर्चुअल सम्बाद सम्पन्न गरेको छ। सम्बादमा सबै सम्वादमा सबै

आयोजक सबै नागरिक संगठनहरुले गरिरहेको अभियान, अनुभव र सम्मेलनको सर्न्दभमा दिगो खाद्य प्रणालीका लागि भूमिहिन, महिला, साना तथा पारिवारिक किसानको लागि सुझाब प्रस्तुत गरियो ।

- संयुक्त राष्ट्रसंघले सेप्टेम्बर २०२१ मा गर्न लागेको अन्ताष्ट्रिय खाद्य प्रणाली सम्मेलनको सर्न्दभमा राष्ट्रिय योजना आयोगले ११ जुनमा सञ्चालन गरेको खाद्य प्रणाली सम्बन्धी भर्चुअल सम्वादमा सहभागि भई दिगो खाद्य सुरक्षा प्रणालीमा जमिनको महत्व, नेपालमा जमिनमा जमिनको असमान वितरण र जमिनको जथाभावि दोहनले सृजना गरेका खाद्य असुरक्षा र भूमि समस्या समाधान मार्फत खाद्य प्रणालीमा हुने योगदानको बारेमा सुझाब पेश गरियो ।
- जुन महिनामा संयुक्त राष्ट्रसंघले सेप्टेम्बर २०२१ मा गर्न लागेको अन्ताष्ट्रिय खाद्य प्रणाली सम्मेलनको सर्न्दभमा राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, राष्ट्रिय कृषक समुह महासंघ, सामुदायिक बन उपभोक्ता महासंघ, खाद्यका लागि कृषि अभियान नेपाल, राष्ट्रिय जल तथा सिंचाइ उपभोक्ता महासंघ नेपाल र कृषि पत्रकार समुह नेपालले सबै प्रदेशमा संयूक्तरुपले प्रदेश स्तरीय भर्चुअल सम्बादहरु सम्पन्न भयो ।
- प्रदेश स्तरीय सम्वादहरुमा प्रदेशका विभागिय मन्त्री, राज्यमन्त्री, प्रदेश योजना आयोगका उपाध्यक्ष, सदस्य र मन्त्रालयका सचिबहरु सहित नागरिक संघसंगठनका प्रतिनिधिहरु सहित सहभागिता रहेको सम्बादमा भूमि, कृषि, खाद्य, बन र सिँचाईमा प्रदेशका प्रमुख सवालहरु, सररकार र नागरिक संगठनले गरेको योगदानहरु तथा सम्मेलनको सन्दर्भमा  भई दिगो खाद्य प्रणालीको लागि भूमिको महत्व, भूमिहिन, कृषि मजदुर र साना किसानको सवाल तथा नीतिगत सम्बोधनको पहल बिषयमा अनुभव प्रस्तुत गरिएको छ । साथै भूमि, कृषि, बन, सिँचाई लगाएतका संगठनहरु संयुक्त वकालतीय योजना अनुरुप अगाडी बढाउने निष्कर्ष निक्लिएको छ ।

**७. सरकोर मिल्ने गैर सरकारी निकायसंग बैठक र सम्बादहरु :**

- जुन ४ तारिखमा सामुदायिक बन उपभोक्ता महासंघ नेपालले भूमि कृषि, बन र खाद्यको लागि नागरिक संगठनको भूमिका र आगामि रणनीतिबारेमा भएको भर्चुअल कार्यक्रममा सहभागि भई संगठनको अनुभव, भूमि सुधारको महत्व, बनक्षेत्रमा भूमिहिन सुकुम्बासीले भोगका कठिनाई र राष्ट्रिय मञ्चको अडानको बारेमा प्रस्तुत गरियो । छलफलले साझा ऐजेण्डा तय गरि संयुक्त वकालत गनुपर्ने निष्कर्ष निकालेको छ ।
- जुन ७ तारिखमा केयरको समन्वय र वाटर एडको आयोजनामा नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रमको बारेमा अभिमुखिकरणम सहभागिता भएकोमा नेपाल सरकारले यहि असार मसान्त भित्र सबै औपचारिक र अनौपचारिक रोजगारमा आबद्धहरुको अनिवार्य सामाजिक सुरक्षा कोषमा सहभागिता हुनुपर्ने, । कोषमा आवद्ध हुन असार मसान्त अगावै कोषमा आबद्ध हुनेलाई थप सुविधा गरिएको छ । कोषले ७ लाख सम्म औषधी खर्च विमा, ७ लाख सम्म दुर्घटना विमा गरेको र उपदानकोष अर्न्तगत योगदानमा आधारित पेन्सनको समेत व्यवस्था गरेको र २०७८ भित्र श्रम ऐन लागु हुने सबै क्षेत्रलाई अनिवार्य सामाजिक सुरक्षा भित्र समाबेश हुनु पर्ने व्यवस्था रहेको पाईयो ।
- जुन ९ तारिखमै दिगो विकास लक्ष्यको लागि राष्ट्रिय सञ्जालले आयोजना गरेको लोकतन्त्र र संविधानको लागि बृहत नागरिक सभाको भचूर्अल बैठकमा सहभागि भई नेपालको बर्तमान राजनैतिक परिवेशमा नागरिक संगठनको भूमिकाको बारेमा छलफलमा सहभागि भएको छ ।
- जुन १७ तारिखमा सामुदायिक आत्मनिर्भर केन्द्रले आयोजना गरेका नेपाल सरकारको २०७८/७९ को बजेटमा भूमि, कृषि क्षेत्रमा भएको बजेटको व्यवस्थाबारेमा भएको भर्चुअल बैठकमा सहभागि भई भूमिमा नेपाल सरकारको नीति र विनियोजन गरेको बजेटको व्यवस्थाबारे छलफल भएकोमा संगठनले

सरकारले भूमि समस्या समाधानको लागि प्रस्तुत गरेको नीतिगत व्यवस्था सकारात्मक रहेको र बजेट विनियोजन कम भएता पनि सरकारको कामलाई सहयोग गरेर जाने कुरा राखेको थियो ।

- जुन १८ तारिखमा स्वच्छ उर्जा नेपालले जलवायु परिवर्तन सम्बनधी राष्ट्रिय अनुकुलन योजनामा भएका प्रावधानहरुको बारेमा छलफलमा सहभागि भई जलवायु अनुकुलत सम्बन्धी नेपाल सरकारको नीति तथा योजनाहरुको बारेमा जानकारी प्राप्त भएको । सोही दिन क्ष्त्रब ले गैरसरकारी संस्थाहको कोष अभिबृद्धि योजना सम्बन्धीको अभिमुकिकरणमा सहभागि भएको ।

## ८. जलबायूमैत्री भूमि व्यवस्थापन अभ्यास :

- **बृक्षारोपण** : जुन १६ तारिखमा उदयपुरको चौदण्डीगढी नगरपालिकाको वडा नं. ६ आँपखहरे सामुदायिक वन उपभोक्ता समुहका हैसियत विग्रेको वनको अन्दाजि ३ विगा खाली जग्गामा वडा सामुदायिक बन र भूमि अधिकार मञ्चको सहकार्यमा बृक्षारोपन सम्पन्न भयो । करिव ५० घरपरिवार प्रत्येक्ष लाभ हुने गरि भएको बृक्षरोपणले यसले जलवायु अनुकुलन न्युनिकरणमा सहयोग पुग्ने छ ।

## ९. मानविय सहयोग :

- जिल्ला भूमि अधिकार मञ्च कञ्चनपुरको सहजीकरणमा शुक्लाफाँटा नगरपालिका ११ बनहरा सिगास गाँउ मञ्चका २६ सुकुम्बासी परिवारलाई अर्न्तराष्ट्रिय मानवता समुहको सहयोगमा प्रति परिवार २५ केजीचामल, १ केजी दाल, १ पोका तेल, १ पोका नुन, १ साबुन, १ पोका सोडा गरि रु ५२ हजारको राहात बितरण गरियो ।

## १०. अन्य प्रगति :

- यो महिनामो प्रमुख उपलब्धी भूमि समस्या समाधान आयोग र राष्ट्रिय मञ्च बिच भूमि समस्या समाधानको लागि राष्ट्रिय मञ्चले सहजीकरण गर्ने बारेमा सम्झौता सम्पन्न भएको छ ।
- राष्ट्रिय मञ्च र पञ्चेश्वर गाँउपालिकाको सहकार्यमा पालिकाको अध्यन गरि तयार गरिएको भू उपयोग योजना लगतएतका ५ वटा कार्यविधिहरु पालिकाको परिषदबाट स्वीकृत भएको छ ।
- जुनमा राष्ट्रिय संलग्नाता रणनीति (नेस) नेपालको अर्धबार्षिक तथा २ बर्षको अन्तिम प्रगति प्रतिवेदन तयार गरि नेसमा पेश गरिएको छ । स्वच्छ उर्जा नेपालले सामर्थ्य परियोजनाका साझेदार संस्थाहरुले लागु गरेका नमुना अभ्यासको अनुभव पुस्तीका प्रकाशनको लागि सामुदायिक भूमि सुधार अभ्यासको नमुना अभिलेखन पेश गरिएको छ । राष्ट्रिय समितिको जुलाईमा हुने बैठक तथा परिषदमा पेश गर्ने गरि कर्मचारी तथा पूर्णकालिन परिचालन नियमावलीमा संसोधनको प्रस्तुती र सवालमा आधाररित वकालतिय रणनीति, स्वयमसेवक परिचालन रणनीति तथा साझेदारी रणनीतिको प्रस्तुती तयार भएको छ ।
- जुन २४ मा जिल्लाका पूर्णकालिन कार्यकर्ताहरु र राष्ट्रिय समिति सहितको बैठक बसि अभियान केन्द्रित १४ पालिकाहरुका पूर्णकालित कार्यकर्ताले जिल्लाको प्रगति, सिकाई र चुनौतीहरुको समिक्ष भयो । समिक्षामा अर्धबार्षिक प्रगति प्रतिवेदन पेश गर्ने खाका उपर छलफल भई सोही बमोजिम विवरण तयार गर्ने निर्णय भएको थियो
- जुन २८ देखि जुलाई १ सम्म मा सामर्थ्य परियोजनाको साझेदरहरु र केयर नेपाल सहित सबै साझेदारका नमुना अभ्यास र सामुदायिक भूमि व्यवस्थापन अभ्यास तथा अर्धबार्षिक प्रगति समिक्षा सम्पन्न भएको छ । समिक्षामा सामुदायिक भूमि व्यवस्थापन अभ्यासमा मञ्चको हालको प्रगति राम्रो रहेको तर एकै स्थानमा मोडेलको सबै प्रकृया पुग्ने गरि काम गर्न सुझाब प्राप्त भएको थियो ।

**मुख्य चुनौती :**

- अविरल बर्षालको कारण देशभर बाढी पहिरोले जनजीबन कष्टकर बनाएको र कोभिड १९ को महामारीले गर्दा जिल्ला तहमा परिचान हुन, फिल्ड अनुगमन गर्न कठिनाई भएको, राष्ट्रिय समितिको बैठक स्थगन भएको ।

**मुख्य सिकाई :**

- सवाल मिल्ने नागरिक संगठनहरुको खाद्य, कृषि, भूमि, बन, सिँचाई लगाएतका सवालमा साझा ऐजेण्डा सहित संयुक्त रुपले पहल गरेमा नीति निर्माताहरुलाई उत्पादक समुह, साना, महिला, भूमिहिन किसानहरुको प्रभाव पार्न सहज हुने देखियो ।

**आगामि महिनाको प्राथमिकताहरु :**

- गाँउ ब्लक जग्गा दर्ता र मोही बाँडफाँडमा सहजीकरण
- स्थानिय तहमा आयोगको लगत संकलन, नाँपजाँज र दर्तामा सहजीरकण
- राष्ट्रिय समितीको बैठक, एशियाली किसान संगठनको दीगो खाद्य सम्बन्धी संवादका सहभागि
- अभियान केन्द्रित पालिकाहरुमा अनुगमन र समन्वय
- संगठन सबलीकरण (दर्ता, नविकरण, सूचिकरण, गठन र पुर्नगठनमा सहजीकरण
- सरोकारलावाहरुसंग समन्वय र सम्वाद

**केही तस्विरहरु**




कोभिड दोश्रो लहर पछि आयोगको काममा सरहजीकरण गर्नेबारे समन्वय बैठक

केन्द्रीय कार्यालय, भरतपुर, म.न.पा–१ ठिमुरा चितवन/सचिवालय, धापासी–८, काठमाडौं,
फोन : ०१–६९१४५८६, इमेल : nlrfnepal@yahoo.com




यौन शोषण, उत्पीडन र दुव्यवहार सम्बन्धी कर्मचारीहरुलाइ




संगठनको सहजीकरणमा कोभिडे प्रभावित पारेका सुकुम्बासी परिवारलाई राहत वितरण गर्दै कञ्चनपुरमा

केन्द्रीय कार्यालय, भरतपुर, म.न.पा–१ ठिमुरा चितवन/सचिवालय, धापासी–८, काठमाडौं,
फोन : ०१–६९१४५८६, इमेल : nlrfnepal@yahoo.com




अन्तराष्ट्रिय खाद्य प्रणाली सम्मेलन २०२१ को सन्दर्भमा सुदुरपश्चिम स्तरिय भर्चुअल संवाद




भूमि, कृषि, खाद्य र बनक्षेत्रमा कार्यरत नागरिक संगठनहरुले ७ वटै प्रदेशमा गरेको संवादको व्यानरको नमुना